## मिति २०८२/०३/०३ गतेको नगर कार्यपालिकाको निर्णयहरु :

### निर्णय नं. १

नेपालगञ्ज उप-महानगरपालिकामा नगर सभाको १७ औं अधिवेशन नेपालगञ्ज सिटी हल, नेपालगञ्ज -१४ बाँकेमा सञ्चालन हुने गरी मिति २०८२/०३/१० गते मंगलबारका दिन बिहान ७.३० बजेका लागि आह्वान गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

नेपालगञ्ज उप-महानगरपालिकाको "घ" वर्गको निर्माण व्यवसायीको ईजाजत सम्बन्धी कार्यविधि, २०७५ बमोजिम "घ" वर्गको निर्माण व्यवसायीको ईजाजत-पत्र पाउँ भनि निवेदन पेश गरेका तपसिल बमोजिमका निर्माण व्यवसायीहरुलाई "घ" वर्गको ईजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

तपसिल

| सि.नं. | फर्मको विवरण | ठेगाना | प्रोप्राइटरको नाम | कै. |
|---|---|---|---|---|
| १. | एस्ट्रोट इन्जिनिरिङ कन्सल्ट विल्डर्स एण्ड सप्लायर्स | नेपालगञ्ज उप-महानगरपालिका-१३, बाँके | अनिता दहाल | |
| २. | गोरवि कन्सट्रक्सन एण्ड अर्डर सप्लायर्स | नेपालगञ्ज उप-महानगरपालिका -२, बाँके | रविन्द्र भण्डारी | |

### निर्णय नं. ३

नेपालगञ्ज उप-महानगरपालिकाको आन्तरिक आय वृद्विका उपाय सहितको सुझावका लागि ३ (तीन) दिन भित्र प्रतिवेदन पेश गर्नका लागि तपसिल बमोजिमको उप-समिति गठन गर्ने निर्णय गरियो।

तपसिल

| सि.नं. | नाम, थर तथा पद | जिम्मेवारी | कैफियत |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत श्री रामहरि शर्मा | संयोजक | |
| २ | वडा अध्यक्ष श्री दिपक कुमार बर्मा, वडा नं. १८ | सदस्य | |
| ३ | वडा अध्यक्ष श्री मो. अयुव सिद्दिकी, वडा नं. ३ | सदस्य | |
| ४ | कार्यपालिका सदस्य श्री बसन्त कुमार कनौजिया | सदस्य | |
| ५ | कार्यपालिका सदस्य, श्री बिना थापा | सदस्य | |
| ६ | प्रशासकीय अधिकृत, श्री भुविन्द्र प्रसाद कंडेल | सदस्य-सचिव | |

रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगञ्ज उप महानगरपालिका

CamScanner

## मिति २०८२/०३/०३ गतेको नगर कार्यपालिकाको निर्णयहरु :

**निर्णय नं. ४**

संघीय सरकार र नेपालगञ्ज उप-महानगरपालिकाको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ र बालमैत्री स्थानीय तह घोषणा कार्यविधि, २०७९ लाई अवलम्बन गरी सो प्रावधान अनुसार बालमैत्री वडा घोषणाका लागि तपसिल बमोजिम वडा अध्यक्षहरुबाट प्रतिवद्घता आए बमोजिम बालमैत्री वडा घोषणा गर्न वडा छनौट गर्ने निर्णय गरियो।

तपसिल :

१. वडा नं. ४ लाई २०८२ को असार मसान्त सम्म,
२. वडा नं. ९ लाई २०८२ को पुस मसान्त सम्म,
३. वडा नं. १५ लाई २०८२ को माघ मसान्त सम्म,
४. वडा नं. २१ लाई २०८२ को चैत्र मसान्त सम्म,
५. वडा नं. २ लाई २०८२ को फागुन मसान्त सम्म,
६. बाँकी १८ वटा वडाहरुले २०८२ को चैत्र मसान्त सम्म ।

**निर्णय नं. ५**

नेपालको संबिधानको धारा ५९ बमोजिम संघ, प्रदेश र स्थानीय तहले आफ्नो अधिकारभित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था गरेको छ भने स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ६ को दफा २४(१) मा गाउँपालिका र नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन र दीर्घकालीन विकास योजना बनाई लागू गर्ने व्यवस्था रहेकोमा विकासका प्राथमिकता निर्धारण गर्न र सिमित स्रोतको उपयोग असिमित आवश्यकताहरुको प्राथमिकिकरण गर्ने समेतको प्रयोजनका लागि आ.ब. २०८०।०८१ को महालेखा परीक्षकको कार्यालयबाट जारी भएको अन्तिम लेखापरिक्षण प्रतिवेदनमा समेत आवधिक योजना तयार गरि लागू गर्नुपर्ने उल्लेख भै आएकोमा उक्त कार्यको अवधि कार्यालयबाट तोकिएको समय सम्म रहने गरि र उक्त सेवाको स्रोत सुनिश्चितताका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

नेपालगञ्ज उप-महानगरपालिका अन्तर्गतका वडा कार्यालयहरुबाट गत विगत आ.व. देखि वडा कार्यालयको स्वीकृत बजेट तथा कार्यक्रम अनुसार वडा कार्यालयबाट नै भुक्तानी हुने व्यवस्था गरी नियुक्त भएका शिक्षक शिक्षिकाहरुको चालु आ.व. २०८१/०८२ को पारिश्रमिक साविकमा खाईपाई आएको सेवा सुविधा नघट्ने गरी अनुसार भुक्तानीका लागि वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
उप महानगरपालिका

CamScanner

## <u>मिति २०८२/०३/०३ गतेको नगर कार्यपालिकाको निर्णयहरु :</u>

**निर्णय नं. ७**

चालु आ.व. २०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रम क्रमागत योजना अन्तर्गतका तपसिल बमोजिमका योजना/कार्यक्रमहरुको विभिन्न कारणले समयमा सम्पन्न नभएकाले विभिन्न मितिमा नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरु बमोजिम म्याद थप र पूर्व निर्धारित क्षतिपूर्ति लिइ कार्यान्वयन गर्ने निर्णय भएकोमा हाल सम्म पनि सम्पन्न नभएको र योजना सम्पन्न गर्नका लागि समय उपलब्ध गराइदिनका लागि निर्माण व्यवसायीबाट अनुरोध भएको हुँदा नेपालगञ्ज उप-महानगरपालिकाको सार्वजनिक खरिद नियमावलीको नियम १३३ र १३४ बमोजिम तपसिल बमोजिममा उल्लेख भए अनुसारको म्याद थप र पूर्व निर्धारित क्षतिपूर्ति लिई सम्पन्न गर्ने समयावधि उपलब्ध गराउने निर्णय गरियो ।

<u>तपसिल :</u>

| क्र.सं. | योजनाको नाम | ठेक्का नं. | सम्झौता मिति | सम्झौता बमोजिम सम्पन्न हुने मिति | म्याद थप पश्चात सम्पन्न हुने मिति | नगर कार्यपालिका बैठकको निर्णय बमोजिम पूर्व निर्धारित क्षतिपूर्ति लिइ सम्पन्न गर्नुपर्ने मिति | हालको निर्णय बमोजिम म्याद थप मिति | हालको निर्णय पूर्व निर्धारित क्षतिपूर्ति लिइ सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|---|---|---|
| १. | बागेश्वरी चिल्ड्रेन पार्क निर्माण न्युरोड | NSMC/NCB/W03/080/81 | २०८०।०९।२३ | २०८१।०३।१० | २०८१।१०।३० | मिति २०८१/११/२३ गते सम्म पूर्व निर्धारित क्षतिपूर्ति लिइ कार्यान्वयन गर्ने र सो समयावधि भित्र पनि नसकेमा कार्वाहीको प्रकृया अगाडि बढाउने । | | २०८२/०३/२२ |
| २. | बागेश्वरी मन्दिर स्थित जुङ्गे महादेव मन्दिर जाने पुल स्तरउन्नती | NSMC/NCB/W05/079/080 | २०७९।१२।०२ | २०८०।१२।०१ | २०८१/१०/३० | मिति २०८१/११/२३ गते सम्म पूर्व निर्धारित क्षतिपूर्ति लिइ कार्यान्वयन गर्ने र सो समयावधि भित्र पनि नसकेमा कार्वाहीको प्रकृया अगाडि बढाउने । | | २०८२/०३/२२ |
| ३. | NIDC सडक मर्मत कार्य | NSMC/NCB/W17/080/81 | २०८१।०१।३० | २०८१।०३।१५ | २०८१।१२।३० | मिति २०८१/११/२३ गते सम्म पूर्व निर्धारित क्षतिपूर्ति लिइ कार्यान्वयन गर्ने र सो समयावधि भित्र पनि नसकेमा कार्वाहीको प्रकृया अगाडि बढाउने । | | २०८२/०३/२२ |

रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगञ्ज उप महानगरपालिका

CamScanner

## मिति २०८२/०३/०३ गतेको नगर कार्यपालिकाको निर्णयहरु :

निर्णय नं. ८

नेपालगञ्ज उप-महानगरपालिकाको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यकम कृषकहरुलाई खाद्यान्न बालीको उन्नत बीउमा ५० प्रतिशत अनुदान का लागि ढुवानी खर्च अपुग भएको हुँदा सोको लागि रु. १,५०,०००/०० (अक्षरुपी रु. एक लाख पचास हजार मात्र) आ.व. २०८१/०८२ को स्वीकृत बजेट, योजना तथा कार्यक्रम नगर कार्यपालिकाको निर्णयबाट सञ्चालन हुने योजना शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ९

नेपालगञ्ज उप-महानगरपालिकामा आर्थिक सहायताका लागि प्राप्त भएको तपसिल बमोजिम राजनैतिक दललाई आ.व. २०८१/०८२ को स्वीकृत वजेट, योजना तथा कार्यक्रम नगर कार्यपालिकाको निर्णयबाट कार्यान्वयन हुने कार्यक्रमबाट तपसिल बमोजिम भुक्तानी दिने निर्णय गरियो ।

तपसिल

| क.सं. | राजनैतिक दलको नाम | पत्रको विवरण | आर्थिक सहायता रकम | कैफियत |
|---|---|---|---|---|
| १. | नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी) | प.सं. २०८१/०८२, च.नं. १, मिति २०८२/०१/०७ | रु.२००००.०० (बीस हजार मात्र) | |

रामहरि शर्मा
प्रमुख प्रशासकीय अधिकृत

प्रशान्त विष्ट
नगर-प्रमुख
नेपालगंज उप महानगरपालिका